आ.व. ०७७।०७८
वैठक:- नगर कार्यपालिका वैठक
अध्यक्षता:- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. २४।०७७।०७८
मिति:-२०७८।०३।१६ गते
स्थान:- ता.न.पा सभाहल
समय:- विहान ८.०० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | — |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | — |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | — |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री पिताम्बर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| श्री गणेश बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा ४ | |
| श्री शिव थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा.-१ | |

**निर्णय नं. १**

तानसेन नगरपालिकाको कार्य सञ्चालनमा प्रभावकारीता ल्याउनको लागि विधायन समितिमा छलफल भई आएको तानसेन नगरपालिकाको स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्वन्धी विधेयक, २०७८ नगरसभामा पेशगर्ने साथै नगरपालिकाको निशुल्क स्वास्थ्य विमा कार्यविधि (संसोधन) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट जारी गरिएको स्थानीय तह संस्थागत क्षमता स्व मूल्याङ्कन (Local Government Institutional Capacity Self–assessment) सम्वन्धी यस तानसेन नगरपालिकावाट स्व मूल्याङ्कन गरिएकोमा संस्थागत स्व मूल्याङ्कन वापत प्राप्त अंक ९२.५ स्वीकृत गरी सम्वद्ध निकायहरु र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो । साथै प्रमाणिकरणका आधारहरु कमजोर भएका क्षेत्रहरुमा प्रस्तुत कार्ययोजना अनुरुप सुधार गर्न सम्वद्ध शाखाहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको ऐतिहाँसिक धरोहरको रुपमा रहेको श्रीनगर डाडामा विग वुद्ध स्थापनाको लागि Decor Studio Pvt .Ltd काठमाण्डौवाट DPR तयार भईसकेको अवस्थामा उक्त विग वुद्ध निर्माणका लागि तानसेन नगरपालिकासंग श्रोतको अभाव भएको कारण श्रोत व्यवस्थापनका लागि नेपाल सरकार संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय मार्फत राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसंग वजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिकाको पर्यटन विकास गर्न विभिन्न कार्यक्रमहरु संचालन गरी तानसेनलाई चिनाउने काम गरेको पाल्पाली समाज पोखरालाई गरिमामय नवौं नगरसभावाट सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. ७ कुन्सरेमा निर्माण गर्न प्रस्तावित ईण्डष्ट्रीयल भिलेज लगायतको भवनको Design Drawing हरुको नक्शा चेकजाच गर्न शहरी विकास तथा भवन निर्माण विभागमा पेश भएकोमा भवन ऐन, २०५५ को दफा ११ र १२ अनुसार नगरपालिका क्षेत्र भित्रका भवनको नक्शापास गर्दा भवन निर्माण संहिता वमोजिम नगरपालिकावाटै आवस्यक जनशक्ति वा परामर्शदाता/विज्ञको व्यवस्था गरी आवस्यक कार्वाही गर्नुहुन भनि पत्र प्राप्त भएकोले उक्त ईण्डष्ट्रीयल भिलेज, विग वुद्ध तथा हरित वसपार्कको विस्तृत परियोजनाहरुको भवन संहिता २०७४ अनुसार नगरपालिकाको तर्फवाट चेकजाँच गर्न आवस्यक परामर्शदाता/विज्ञ नियुक्ती गर्न आवस्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिका स्थित धार्मिक संस्था चूडाकर्म (व्रतवन्ध) संघ धर्मचक्र महाविहार वडिङ्गानटोल पाल्पाको मागको आधारमा विहारको भवन जिर्ण भएकोले उक्त भवनको वहुद्देशीय सभागृह भवन, धर्मशाला अतिथि गृह, वगैचा व्यवस्थापन निर्माण गर्न आवस्यक पर्ने रकमको लागि मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय र प्रदेश मन्त्रालयहरुमा सिफारिस गर्ने निर्णय गरियो ।

पितामबर घाघरे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ७**

तानसेन नगरपालिकामा श्रोतको अभाव तथा न्युन श्रोत भएको कारण विभिन्न योजनाहरु संचालन गर्न समस्या भएकोले आवस्यक श्रोत व्यवस्थापन गर्न संघीय मन्त्रालय, प्रदेश मन्त्रालय तथा राष्ट्रिय योजना आयोग र प्रदेश राष्ट्रिय योजना आयोगमा वजेट माग गर्ने निर्णय गरियो ।

सिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner